# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१ संख्याः ७ मितिः २०७५/०६/२५


## भाग-२

## हुप्सेकोट गाउँपालिका

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँकार्यपालिकाले बनाएको हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।





### हुप्सेकोट गाउँपालिका
### हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७५
### स्वीकृत मिति २०७५/०६/१२

हुप्सेकोट गाउँपालिकामा रहेका हेभी इक्युपमेन्टहरुको सञ्चालन र व्यवस्थापन गर्न कार्यविधि आवश्यक रहेकोले यो कार्यविधि निर्माण गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि-२०७५" रहने छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२.परिभाषाः

क)"हेभी इक्युपमेन्ट" भन्नाले बारुण यन्त्र, डोजर, एक्साभेटर, ट्रिपर लगायत अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग)"समिति" भन्नाले यस कार्यविधि अन्तर्गत गठित समितिलाई सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले यस गाउँपालिकाको सम्बन्धित शाखालाई सम्झनु पर्दछ ।

ङ) "कोष" भन्नाले हेभी इक्युपमेन्ट सञ्चालनको लागि तोकिएको हेभी इक्युपमेन्ट कोष सम्झनु पर्दछ ।

च) "चालक" भन्नाले हेभी इकुमेन्ट चलाउने चालकलाई सम्झनु पर्दछ ।

छ) "हेल्पर"भन्नाले हेभी इक्युपमेन्टको चालकको सहयोगीको रुपमा काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ज) "गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

झ) "सेवाग्राही" भन्नाले सार्वजनिक संघ, संस्था, समिति, उपभोक्ता समिति, निजि व्यक्ति आदी लाई सम्झनु पर्दछ ।

३.सञ्चालन समितिको गठनः

हुप्सेकोट गाउँपालिकामा रहेका हेभी इक्युपमेन्ट सञ्चालनको लागि देहाय बमोजिमको सञ्चालक समिति रहने छ ।

क) हुप्सेकोट गाउँपालिकाको वातावरण समितिको संयोजक -संयोजक

ख) वन वातावरण फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य

ग) राजस्व शाखा/उप-शाखाको प्रमुख - सदस्य

घ) योजना तथा अनुगमन ईकाई प्रमुख -सदस्य सचिव

४. समितिको काम कर्तव्य र अधिकार

क) दररेट निर्धारण गर्ने ,

ख) हेभी इकुपमेन्टहरुको रेखदेख गर्ने ,

ग) सञ्चालनको अवस्था नियमन गर्ने ,

घ) मर्मत संम्भारको लागि सिफारिस गर्ने ,

ङ) गाउँपालिकामा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

५. समितिको बैठक:

क) दुई महिनामा एक पटक अनिवार्य बैठक बस्नेछ ,

ख) आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

६. हेभी इक्युपमेन्टको उपलब्धता सम्बन्धी व्यवस्था:

क) सेवाग्राहिको निवेदन माग अनुसार योजना तथा अनुगमन ईकाईबाट समितिको निर्णय बमोजिम उपलब्ध गराइनेछ,

ख) समितिको निर्णय पुर्व उपलब्ध गराउनु पर्ने अवस्थामा समितिको अनुमोदन हुनेगरी उपलब्ध गराइनेछ,

ग) सेवाग्राहीबाट माग भै सञ्चालनमा जाने हेभी इक्युपमेन्टको दररेट अनुसुची (१) बमोजिम हुनेछ ,

घ) सेवाग्राहीले हेभी इक्युपमेन्ट माग गर्दा अग्रीम रुपमा दस्तुर बुझाउनु पर्नेछ,

ङ) अग्रीम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्नेछ ,

च) थप दस्तुरको दायित्व चालकको हुनेछ ,

छ) आवश्यकता पहिचान गरी गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले २ घण्टा सम्म निशुल्क उपलब्ध गराउन सक्नेछ,

ज) कार्यालय समयभन्दा अतिरिक्त समयमा काम गरे बापत दैनिक (७ घण्टा





भन्दा बढी चालकलाई प्रति घण्टाका दरले रु १०० भत्ता उपलब्ध गराईने छ ।

झ) सेवाग्राहीले हेभी इक्युपमेन्टको बन्दोबस्ती गरी बीचमा काम रोकिने अवस्था आएमा नचलेको दिनको प्रतिदिन आईडल खर्च वापत रु २०००।- गाउँपालिकामा बुझाउनु पर्नेछ ।

७. सञ्चालन कोषको व्यवस्था:

हेभि इक्युपमेन्ट सञ्चालनको लागि एउटा छुट्टै हेभि इक्युपमेन्ट कोष खडा गरिने छ । उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछ :

क) हुप्सेकोट गाउँपालिकाबाट विनियोजित रकम,

ख) सेवाग्राहीबाट प्राप्त हुने दस्तुर,

ग) विभिन्न निकायबाट प्राप्त हुने रकम ।

९. कोषको सञ्चालन विधि:

क) गाउँपालिकाको खाता सञ्चालन गर्ने प्रकृया अनुसार कोष सञ्चालन हुनेछ,

ख) हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धी सम्पूर्ण खर्च यसै कोषबाट व्यहोरिनेछ ।

१०. विविध :

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था समितिको निर्णय बमोजिम हुनेछ,

ख) यो कार्यविधि समयानुसार परिमार्जन गर्न सकिनेछ ।

अनुसुची-१

(बुँदा ६ को (ग) संग सम्बन्धित)

१. डोजर/एक्साभेटर:- प्रति घण्टा रु.१,१००/-(इन्धन बाहेक )

२. डोजर/एक्साभेटर:- प्रति घण्टा रु.१,८००/- (इन्धन सहित )

आज्ञाले

हरि पंगेनी

प्रमुख प्रशासकीय अधिकृत